गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gmail.com

प.स.: २०८२/८३
च. नं.:

मिति २०८२/०९/२३

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धि सूचना ।

( प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/२३ )

यस कार्यालयको आ.व.२०८२/०८३ को स्विकृत बजेट तथा कार्यक्रम बमोजिम यस जिल्लाको विनयी त्रिवेणी गाउँपालिका वडा नं ७ स्थित त्रिवेणी नाकामा हेल्थ डेस्क संचालनार्थ विनियोजित बजेटबाट गण्डकी प्रदेशको "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९ बमोजिम चालु आ.व.२०८२/०८३ को असार मसान्तसम्मको लागि देहायका पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकाले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले (१५ ) दिन भित्र कार्यालय समयमा रित पूर्वक दरखास्त फाराम पेश गर्नु हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.सं | विज्ञापन नं | पद | तह | माग संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | ०२-२०८२/०८३ | स्टाफ नर्स | स.पाँचौ | १ (एक) जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र नेपाल नर्सिङ परिषदमा दर्ता भएको हुनु पर्ने । |
| २ | ०३-२०८२/०८३ | ल्याव असिष्टेण्ट | स.चौथो | २ (दुई) जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा TSLC वा सो सरह उत्तिर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायीक परिषदमा दर्ता भएको हुनु पर्ने । |
| ३ | ०४-२०८२/०८३ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ (एक) जना | सामान्य लेखपढ गर्न सक्ने । |

नोट :

१) दरखास्त फाराम : यस कार्यालयको वेवसाईट https://honawalpur.gandaki.gov.np मा उपलब्ध फाराम डाउनलोड गरि भरेर दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित यस कार्यालयको प्रशासन शाखामा कार्यालय समयमा दर्ता गराउन सकिनेछ ।

२) दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु :

तोकिएको राजश्व तिरेको सक्कल बैंक भौचर, उम्मेदवारको अधावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साईजको फोटो, एस.एल.सी /एस.ई.ई.र सो भन्दा माथिका शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु,म्याद कायम रहेको/नवीकरण गरिएको सम्वन्धित काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि, सम्वन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सर्म्वान्धि प्रमाण पत्र थान एक/एक स्वयम्ले प्रमाणित गरि पेश गर्नुपर्नेछ । साथै रीत नपुगेका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्तहरु माथि कुनै कारवाही हुने छैन ।

३) काम गर्नुपर्ने स्थान : विनयी त्रिवेणी गाउँपालिका वडा नं ७ स्थित त्रिवेणी नाका हेल्थ डेस्क ।

४) दरखास्त दस्तुर : स्टाफ नर्सको रु ७००/- र ल्या.अ.को रु ५००/- र कार्यालय सहयोगीको रु ४००/-

क) कार्यालयको नाम : प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (ब.सु.पूर्व )

ख) कार्यालयको कोड : ३७००१४६०२४

ग) राजश्व शिर्षक नं. : १४२२४ (अन्य प्रशासनिक सेवा शुल्क )

५) दरखास्त दिने अन्तिम मिति :२०८२/१०/०७ गते मगंलवार कार्यालय समय भित्र । उक्त दिन सार्बजनिक विदा परेमा सोको भोलीपल्ट सम्म हुनेछ ।

६) परीक्षाको किसिम : अन्तर्वाता ।

७) पारिश्रमिक तथा सेवा सुविधा : नियमानुसार / करार सम्झौता बमोजिम ।

८) अवधि : चालू आ.व.२०८२/०८३ को असार मसान्त सम्म ।

९) उम्मेदवार हुनका लागि योग्यता :

क) नेपाली नागरिक हुनुपर्नेछ ।

ख) उमेरको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

ग) भष्ट्चार तथा फौजदारी अभियोग सम्वन्धि मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ ।

घ) भविष्यमा सरकारी सेवाबाट अयोग्य ठहरिने गरि बर्खास्त नभएको हुनुपर्नेछ ।

१०) परिक्षा सर्म्वान्धि अन्य जानकारी : परिक्षाको मिति पछि प्रकाशन गरिनेछ ।

११) अन्य जानकारीको लागि यस कार्यालयको वेवसाइट मा हेर्नुहुन अनुरोध छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.पूर्व )



Scanned with CamScanner